मिति: २०८३/०३/०७ (आइतबार)

बैठक संख्या: ७६ औं

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

समय : विहानः ११.०० बजे।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ७६ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |
| | **सहजकर्ता कर्मचारी** | | | |
| १ | कार्यक्रम अधिकृत | | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०३/०७ को बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८३/०३/०७ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वियन अवस्थाको समिक्षा सम्बन्धमा।
२. आ.व.२०८३/८४ को नीति, कार्यक्रम र बजेटका सम्बन्धमा ।
३. यथार्थ, संशोधित र प्रस्तावित आय-व्यय विवरण सम्बन्धमा ।
४. आर्थिक विधेयक, २०८३ को सम्बन्धमा ।
५. विनियोजन विधेयक, २०८३ को सम्बन्धमा ।
६. आ.व. २०८३/८४ को सशर्ततर्फका कार्यक्रमको सम्बन्धमा ।
७. नगरसभा अधिवेशनको व्यवस्थापन सम्बन्धमा ।
८. राजश्वसंग परामर्श समितिका बैठकका निर्णयहरु सम्बन्धमा ।
९. कार्यक्रम संशोधन/परिमार्जन/रकमान्तर सम्बन्धमा ।
१०. विविध
- पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमको सम्बन्धमा ।
- स्वास्थ्यकर्मीहरुको तलब भत्ता सम्बन्धमा ।
- आयोजनाको ठेक्का सम्झौताको म्याद थप गर्ने सम्बन्धमा।
- ठेक्का सम्झौता रद्द गर्ने सम्बन्धमा
- उदिपुर-नयाँगाउँ सडकको सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१ : अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।**

मिति २०८३/०३/०४ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो।

**निर्णय नं.२: आ.व.२०८३/८४ को नीति, कार्यक्रम र बजेटका सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८३/०१/०९ को बैठकको निर्णयानुसार वडा तथा शाखाहरुलाई उपलब्ध गराइएको बजेट सीमा तथा मार्गदर्शन समेतका आधारमा बस्तीस्तरीय तथा वडास्तरीय योजना तर्जुमा बैठक/भेला, विषयगत समितिहरुको बैठक, योजना तर्जुमाको सन्दर्भमा संस्थागत तथा व्यक्तिगत रुपमा विभिन्न माध्यमबाट प्राप्त भएका सुझाव तथा मिति २०८३/०२/३१ गतेको बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकबाट सिफारिस भए वमोजिम तयार गरिएको अनुसूची-१ बमोजिमको बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तथा रु. ८६,४१,२९,०९०/- (छयासी करोड एकचालीस लाख

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०३/०७ को बैठक

उनन्तीस हजार नब्बे मात्र) बजेट पारित गरी मिति २०८३/०३/१० गते आयोजित १९ औं नगरसभा अधिवेशनको पहिलो बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.३ : यथार्थ, संशोधित र प्रस्तावित आय व्यय विवरण सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको गत आर्थिक वर्ष २०८१/८२ को यथार्थ आय, आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित र संशोधित आय र आर्थिक वर्ष २०८३/८४ को अनुमानित आय-व्यय विवरण (अनुसूची-२ वमोजिमको) स्वीकृत गरी मिति २०८३/०३/१० गते आयोजित १९ औं नगरसभा अधिवेशनको पहिलो बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.४: आर्थिक विधेयक, २०८३ को सम्बन्धमा ।

राजश्व परामर्श समितिबाट गठित आर्थिक विधेयक, २०८३ अध्ययन उप समिति र राजश्व परामर्श समितिको पटक पटकको बैठकबाट तयार गरिएको बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ मा राजश्व संकलन गर्ने, राजश्वका दर तथा शुल्कहरु हेरफेर गर्ने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धी कानूनलाई अद्यावधिक गर्नको लागि ल्याइएको अनुसूची-३ वमोजिमको बेसीशहर नगरपालिकाको आर्थिक विधेयक,२०८३ नगरसभाको १९औं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.५: विनियोजन विधेयक, २०८३ को सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को लागि सञ्चित कोषबाट खर्च गर्ने तथा एक शिर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक,२०८३ (अनुसूची-४ वमोजिम) नगरसभाको १९औं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.६: आ.व. २०८३/८४ को सशर्ततर्फका कार्यक्रमको सम्बन्धमा ।

नेपाल सरकार तथा प्रदेश सरकारबाट मन्त्रालयगत बजेट सूचना प्रणालीमार्फत प्राप्त भएका आ.व. २०८३/८४ को सशर्त, समपुरक र विशेष अनुदानतर्फका आयोजना तथा कार्यक्रमहरु प्राप्त भए वमोजिम नै १९ औं नगरसभा अधिवेशनको बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.७: नगर सभा अधिवेशनको व्यवस्थापन सम्बन्धमा ।

१९ औं नगरसभा अधिवेशनलाई व्यवस्थित रुपमा सम्पन्न गराउने सन्दर्भमा नगरपालिकाको आफ्नो हल व्यवस्थित नभएको हुँदा सभाको अधिवेशन उपयुक्त होटलमा सञ्चालन गर्ने गरी नगरसभा सदस्यज्यूहरुलाई पत्राचार भैसकेको हुँदा समयमै सभास्थलमा उपस्थित गराउने कार्यमा वडाध्यक्षहरुले भूमिका निर्वाह गर्ने साथै अन्य व्यवस्थापकीय पक्षहरु मिलाउने कार्यमा प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.८: राजश्वसंग परामर्श समितिका बैठकका निर्णयहरु सम्बन्धमा ।

राजश्व परामर्श समितिको मिति २०८३/०३/०३, २०८३/०३/०४ र २०८३/०३/०५ गतेको बैठकले गरेका निर्णयहरु यस बैठकमा छलफल हुनुको साथै उक्त निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.९ : कार्यक्रम संशोधन/परिमार्जन/रकमान्तर सम्बन्धमा ।

चालु आ.व. २०८२/८३ का लागि स्वीकृत भएका देहाय वमोजिमका नगरस्तरीय/वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम परिमार्जन//रकमान्तर गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

देहाय:

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०३/०७ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १.वडा खेलकुँद कार्यक्रम, बेनपा-६, खर्च संकेत नं २२५२९ | १.५ लाख | १.१चण्डेश्वरी प्रा.वि. शैक्षिक सुधार कार्यक्रम, बेनपा-६<br>१.२ वडा खेलकुँद सामाग्री खरिद, बेनपा-६<br>१.३वडा भेला खर्च, बेनपा-६ | १० हजार<br>२० हजार<br>१० हजार ९ सय | ६ नं वडा कार्यालयको च.नं.८७७, मिति २०८३/०३/०५ को पत्र समेतका आधारमा |
| २.वडा फुटकर कार्यक्रम, बेनपा-६ | २ लाख ११ हजार | २.१ रङ्गीन प्रिन्टर खरिद, बनेपा-६<br>२.२ रेनकोट तथा छाता खरिद, बेनपा-६ | ३४ हजार<br>३० हजार | |
| ३.बुद्धमिलन आमा समुह भवन मर्मत सम्भार तथा फर्निचर खरिद, बेनपा-४, खर्च संकेत नं ३१११३ | २ लाख | ३. बुद्धमिलन आमा समुहलाई फर्निचर र मेशिनरी औजार (फ्रिज) खरिद, बेनपा-४ | २ लाख | ४ नं वडा कार्यालयको च.नं.५६६, मिति २०८३/०३/०५ को पत्र समेतका आधारमा |
| ४. बेसीशहर नगरपालिकाको आ.व. २०८२/८३ को चालु खर्च शिर्षक नं २२४१२ अन्तर्गत राजश्व बाँडफाँडतर्फ सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन शिर्षकमा विनियोजित रु ५ लाख मध्येबाट कार्यालय तथा वडा कार्यालयहरुको लागि कलर प्रिन्टर खरिद गर्न रु. ३ लाख ५० हजार विनियोजन गर्ने । | | | | |
| ५. बेसीशहर नगरपालिकाको आ.व. २०८२/८३ को चालु खर्च शिर्षक नं २२७११ अन्तर्गत आन्तरिक श्रोततर्फ लागत साझेदारी/समपुरक कोष शिर्षकमा विनियोजित रु ४० लाख मध्येबाट पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च शिर्षकमा रु. ६ लाख थप गर्ने । | | | | |

**निर्णय नं.१० : पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमको सम्बन्धमा ।**

आ.व. २०८२/८३ मा नेपाल सरकार ससर्त अनुदान तर्फ खर्च शिर्षक नं. २२५२२ मा पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्राप्त बजेट अन्तिम समयमा फुकुवा भई आएको हुँदा स्वास्थ्य शाखाको कार्ययोजना अनुसार बहुक्षेत्रीय पोषण समितिको बैठक, सबै वडाहरुमा पोषण सम्वन्धी अभिमुखिकरण कार्यक्रम र अनुगमन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११ : स्वास्थ्यकर्मीहरुको तलब भत्ता सम्बन्धमा ।**

बेसीशहर नगरपालिका अन्तर्गत स्वास्थ्यतर्फ २४ घण्टे प्रसुती सेवा सञ्चालनको लागि करार सेवामा कार्यरत ३ जना अ.न.मी.हरुको चालु आ.व. २०८२/८३ मा मासिक तलब खर्च संघीय सशर्ततर्फको मातृ तथा नवशिशु कार्यक्रमको क्रियाकलाप नं २.७.२२.१०९०८ बाट रु. १३,४४,७६४/- (तेह लाख चौवालिस हजार सात सय चौसठ्ठी रुपैया) भुक्तानी भएकोमा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन,२०८२/८३ वमोजिम रु. ११,८५,०००/- मात्र व्यहोर्न मिल्ने व्यवस्था रहेको हुँदा सशर्ततर्फ बढी भुक्तानी भएको रु.१५८७६४/- (एक लाख उनन्साठी हजार सात सय चौसठ्ठी रुपैया) नगरपालिकाको खर्च शिर्षक नं २२४१३ अन्तर्गत करार सेवा शुल्क शिर्षकमा विनियोजित बजेटबाट समायोजन गरी दायित्व मिलान गर्ने साथै चालु आ.व. २०८२/८३ मा स्वास्थ्य संस्थाहरुमा कार्यरत ३१ जना स्थायी कर्मचारीहरुको मासिक तलब खर्च

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०३/०७ को बैठक

स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र,अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोषाक भत्ता शिर्षक-२१११ बाट भुक्तानी हुँदै आएकोमा चालु आ.व.को असार महिनाको भुक्तानीका लागि उक्त शिर्षकमा बजेट अपुग रहेको हुँदा नगरपालिकातर्फको पारिश्रमिक कर्मचारी (खर्च शिर्षक नं २११११) शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ : आयोजनाको ठेक्का सम्झौताको म्याद थप गर्ने सम्बन्धमा।**

बेसीशहर नगरपालिका वडा नं १ मा चालु आ.व. २०८२/८३ मा संघीय सरकारबाट बजेट उपशीर्षक नम्बर ३७०००११६४ को एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत खर्च संकेत नं ३१११२ तर्फ बेसीशहर नगरपालिका वडा नं १ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको लागि रु. ३८,००,०००/- (अठ्तीस लाख मात्र) बजेट प्राप्त भई प्रक्रिया वमोजिम बेसीशहर नगरपालिका र श्री वि.डि.पी एण्ड ब्रदर्श कन्स्ट्रक्सन, प्रा.लि. लमजुङ विच मिति २०८३/०२/२२ मा ठेक्का सम्झौता (Contract Number: BM/W/NCB/082-83/14) भई निर्माण कार्य जारी रहेको र ठेक्का सम्झौताको म्याद २०८३/०३/३२ मा समाप्त हुने सन्दर्भमा उक्त निर्माण कम्पनीले सम्झौता अवधीभित्र निर्माण कार्य सम्पन्न गर्न विभिन्न कारणले गर्दा कठिनाई भएकोले म्याद थपको लागि कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त ठेक्का सम्झौताको म्याद मिति २०८३ कार्तिक मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ : ठेक्का सम्झौता रद्द गर्ने सम्बन्धमा ।**

कार्यालय र कोजु/देशेमरु जे.भी, दुधपाटि-१ भक्तपुर बिच मिति २०७८/११/२६ मा ठेक्का सम्झौता भएको Construction of Health Post Building at Chandisthan Ward No. 6 (Contract No: Besishahar/Lamjung/Works/02/078-79) निर्माण कार्यको लागि निज निर्माण व्यवसायीलाई पटक-पटक मौखिक तथा लिखित रुपमा पत्राचार गरी र बिभिन्न समयमा म्याद थप गरी समयमा नै कार्य सम्पन्न गर्न निर्देशन दिँदा समेत कुनै प्रतिक्रिया नजनाई सम्झौता अनुसार कार्य सम्पन्न गर्न असफल भएको, ठेक्का शर्तहरूमा उल्लिखित दायित्वहरूको गम्भिर उल्लङ्घन गरेको तथा यस कार्यबाट परियोजना कार्यान्वयनमा प्रतिकूल असर परेको देखिएको हुँदा निर्माण व्यवसायीबाट कार्य सम्झौताको Fundamental Breach of Contract भएकाले मिति २०८२/०९/२३ गते १५ दिन भित्र कार्य सम्पन्न गर्ने संशोधित कार्यतालिका, स्रोत साधन परिचालनको भरपर्दो तथा यथार्थपरक कार्ययोजना, यथाशिघ्र कार्य सम्पन्न गर्ने प्रतिबद्धता र ठेक्का अन्त्य गर्नु नपर्ने कुनै मनासिव कारण भए सोको स्पष्टिकरण सहित कार्यालयमा उपस्थित हुन राष्ट्रिय दैनिक पत्रिकामा सूचना जारी गरिएकोमा निज निर्माण व्यवसायीले मिति २०८२/१०/०६ मा संशोधित कार्यतालिका सहित कार्यालयमा उपस्थित भई तत्काल निर्माण कार्य सुरु गरि निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाएको र कार्यालयबाट निजलाई कार्यसम्पन्न गर्न मौका दिइएकोमा पुनः निर्वाचन, मूल्यबृद्धिको वहाना बनाई कार्यसम्पन्न गर्न चरम लापर्वाही गरेको तर कार्य रोक्नुपर्ने कुनै चित्तबुझ्दो आधार नदेखिएकोले हालसम्म पनि निर्माण कार्यको उल्लेखनीय प्रगति नदेखिएको हुँदा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा सम्झौताको व्यवस्था बमोजिम उक्त ठेक्का रद्द गरि आवश्यक कानुनी तथा प्रशासनिक कारबाही अगाडी बढाउने निर्णय गरियो |

**निर्णय नं.१४ : उदिपुर-नयाँगाउँ सडकको सम्बन्धमा ।**

बेसीशहर नगरपलिका र माछापुछ्रे सुर्य जे.भी बीच मिति २०८०/०३/१९ मा ठेक्का सम्झौता भएको उदिपुर-नयाँगाउँ सडक निर्माण आयोजनाको आर्थिक वर्ष २०८१/८२ मा प्राविधिक नापजाँच तथा मूल्याङ्कन अनुसार ९९.४२ प्रतिशत सम्पन्न भएको र बाँकी रहेको कार्य बाटोको सुरुवाती बिन्दुबाट करिब ३५० मीटर सम्म कालोपत्रे गर्नुपर्ने स्थानहरुमा नालाबाट आएको पानी कटाउन निकासा कसरी गर्ने भन्ने बिषयमा स्थानीयहरुको असमझदारीका कारण

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०३/०७ को बैठक**

सम्पन्न हुन नसकेको र निर्माण व्यवसायीबाट कार्य स्वीकार गरिदिन अन्तिम बिल सहित मिति २०८२/०३/२० गतेमा नै निबेदन पेश भएता पनि विवाद समाधान हुन नसकेको कारण अन्तिम बिल स्वीकृति र फरफारक प्रक्रिया समयमा सम्पन्न हुन नसकेको अवस्था रहेको र तत्पश्चात विवाद समाधानका लागि कयौं पटक प्रयास गर्दा समेत समाधान हुन नसकेको, हाल उक्त विवादलाई सोही ठेक्काको म्याद थप गरी समाधान गर्नु व्यवहारिक तथा औचित्यपूर्ण नदेखिएको साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा "निर्माण कार्यको हकमा कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्वन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्वीकार प्रतिबेदन तयार गर्नुपर्नेछ" भन्ने उल्लेख भएको हुँदा विवाद समाधान पश्चात बाँकी कार्यका लागि नगरपालिकाले आगामी दिनमा आवश्यक बजेट व्यवस्था गरी प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम छुट्टै खरिद प्रक्रियाबाट कार्यान्वयन गर्ने गरि सम्पन्न भएको कार्यको दोष सच्याउने अवधि (DLP) प्राविधिक रूपमा अन्तिम नापजाँच तथा मूल्याङ्कन सम्पन्न भई अन्तिस बिल पेश भएको मितिबाट गणना हुने गरी कार्य स्वीकार्य प्रतिवेदन तथा अन्तिम बिल स्वीकृत गरी अन्तिम भुक्तानी दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख